नेपाल सरकार

मा. टेकबहादुर बस्नेत ( समरसिंह )
मन्त्री
सामान्य प्रशासन मन्त्रालय

फोन नं: +९७७-१-४२०००९१
फ्यास : +९७७-१-४२००१११
सिंहदरबार, काठमाण्डौ ।

प.सं.:

च.नं.:

मिति: २०७४/०६/२०

विषय: **अपिल**

विगतको लामो संघर्ष र हजारौं जनताको बलिदानीको फलस्वरुप वि.सं. २०७२ मा जारी भएको संघीय गणतान्त्रिक नेपालको संविधान अहिले कार्यान्वयनको क्रममा रहेको सबैमा विदितै छ । नयाँ संविधानको व्यवस्था बमोजिम देशमा स्थानीय तहको निर्वाचन सम्पन्न भई निर्वाचित जनप्रतिनिधिहरुले आ-आफ्नो तहमा कार्य प्रारम्भ गरिसक्नु भएको छ भने प्रदेश सभा तथा संघीय संसदको निर्वाचन समेत निकट भविष्यमा नै हुन गईरहेको हुँदा यस बर्षलाई संविधान कार्यान्वयनको सन्दर्भमा सबै भन्दा महत्वपूर्ण वर्षको रुपमा लिन सकिन्छ । यस हिसाबले यो वर्षलाई नेपाली जनताको खुशिको वर्षको रुपमा समेत मान्न सकिन्छ भन्ने मेरो बुझाइ रहेको छ ।

देशमा लागू भएको संघीय गणतान्त्रिक व्यवस्थाको कार्यान्वयन मार्फत सिंहदरबारको अधिकार गाँउ/नगरसम्म पुर्‍याउने संविधानको मूल मर्म बमोजिम स्थानीय तहहरुमा आवश्यक पर्ने कर्मचारी, बजेट, भौतिक पूर्वाधार आदिको समयमै व्यवस्थापन गर्न सकेमा मात्र संविधानको परिकल्पनालाई व्यवहारमै उतार्न सकिने हुन्छ । यसको लागि सम्पूर्ण राष्ट्र सेवक कर्मचारी, नागरिक समाज, नेपाली जनता, सञ्चारकर्मी, राजनीतिक दल, निर्वाचित जनप्रतिनिधिहरु सबैले आ-आफ्नो तह र तप्काबाट आवश्यक भूमिका निर्वाह गर्नु हुनेमा म पूरै विश्वस्त पनि छु ।

स्थानीय तहहरुमा जनप्रतिनिधिहरुले कार्य प्रारम्भ गरिसकेक़ो र प्रदेश तहको निर्वाचन समेत आगामी मंसीर महिनाभित्रै सम्पन्न भइसक्ने कारण ति दुबै तहहरुमा आवश्यक पर्ने कर्मचारीको समेत तत्कालै व्यवस्थापन गर्नुपर्ने टड्कारो आवश्यकता पनि हाम्रा सामू छदैंछ । स्थानीय तहमा त झन् प्रयाप्त संख्यामा कर्मचारी पुग्न नसकेका कारण कतिपय स्थानीय निकायहरुको दैनिक प्रशासनिक कामहरु प्रभावकारी रुपमा सञ्चालन हुन नसकेका गुनासाहरु पनि आएका छन् । मैले सामान्य प्रशासन मन्त्रालयको नेतृत्व लिइसके पछि जिल्लास्तरबाट करिब ९२०० तथा सामान्य प्रशासन मन्त्रालय मार्फत १४०० भन्दा बढी निजामती कर्मचारीहरुलाई स्थानीय तहहरुमा कामकाज गर्नको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाइसकिएको छ । यद्दपी स्थानीय तहको लागि यो संख्या पनि अझै कम नै हो । स्थानीय तहमा आवश्यक पर्ने कर्मचारीको अभाव हुन नदिनु सामान्य प्रशासन मन्त्रालयको नेतृत्वको हैसियतले मेरो पनि जिम्मेवारी हो भने खटाइएको निकायमा यथासमयमै गएर स्थानीय तहका जनप्रतिनिधिहरुसँग सहकार्य गर्दै जनताको सेवामा लाग्नु पक्कै पनि राष्ट्रसेवक कर्मचारीको कर्तव्य र जिम्मेवारी पनि हो ।

नेपाल सरकार

मा. टेकबहादुर बस्नेत ( समरसिंह )
मन्त्री
सामान्य प्रशासन मन्त्रालय

फोन नं: +९७७-१-४२०००९१
फ्यास : +९७७-१-४२००१११
सिंहदरबार, काठमाण्डौ ।

प.सं.:

मिति:

च.नं.:

विषय:

कर्मचारी समायोजन व्यवस्थापनका लागि आवश्यक कानुन कर्मचारी समायोजन गर्न बनेको विधेयक-२०७४ व्यवस्थापिका संसदबाट मिति २०७४/०६/२० मा पारित भैसकेको छ । यसबाट छिट्टै नै राज्यका तीनवटै तहमा कर्मचारी व्यवस्थापन गर्नका लागि मार्ग प्रशस्त भएको छ । साथै व्यवस्थापिका-संसदको राज्य व्यवस्था समितिबाट संघीय सरकारी संरचनामा बढीमा १५ मन्त्रालय रहने गरि व्यवस्था मिलाउन निर्देशन प्राप्त भएको छ । यसबाट संघीय प्रशासनिक संरचना तयार गर्नको लागि दिशा निर्देश भएको छ ।

ईतिहासको यस महत्वपूर्ण घडीमा आफूलाई सुम्पेको जिम्मेवारी पूरा नगरी पुरानै विरासत र सोचाइबाट अगाडी बढियो भने पक्कै पनि त्यो देश र जनताको हितमा हुँदैन भन्ने तथ्यमा हामीहरु सजग हुनु पनि त्यत्तिकै जरुरी छ । स्थानीय तहमा कामकाज गर्नको लागि अहिले खटाइएका कर्मचारीहरु खटिएकै निकायमा सधैको लागि समायोजन हुने भन्ने कदापी होइन भनेर सबैले बुझ्नु जरुरी छ । अहिलेको खटनपटन त केवल तत्कालको समस्या समाधान गर्नको लागि हो र कर्मचारी समायोजन ऐन तथा संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐन लागू भइसकेपछि ऐनको प्रावधान बमोजिम निश्चित मापदण्ड र सुविधाको आधारमा राज्यका तीन वटै तहमा कर्मचारीहरुको समायोजन हुने हो । राज्यका विभिन्न तहहरुमा समायोजन गर्दा कर्मचारीहरुको बृत्ति विकासको अवसरलाई नकारात्मक असर पर्न नदिने हाम्रो प्रयास हुने नै समेत म विश्वास दिलाउन चाहन्छु । तसर्थ तात्कालिक परिस्थितिको यस गाम्भियर्तालाई मनन् गरि स्थानीय तहमा कामकाज गर्नको लागि खटाइएका सबै राट्रसेवक कर्मचारीहरुलाई यथाशीघ्र खटिएको निकायमा हाजिर भई देश र जनताको सेवामा लाग्न म हार्दिक अपिल गर्न चाहन्छु । निर्वाचित जनप्रतिनिधिहरु, राजनीतिक दलहरु, नागरिक समाज एवं सञ्चार जगतबाट पनि यसमा सकारात्मक सहयोग उपलब्ध हुनेमा पूर्ण विश्वस्त छु ।

साथै दिपावली, नेपाल सम्बत् तथा छठ पर्वको अवसरमा सम्पूर्ण नेपाली आमा-बुवा तथा दाजुभाई-दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

..............................
(टेकबहादुर बस्नेत)